# बालक्लब गठन र बालक्लब सञ्जाल गठन सञ्चालन सम्बन्धी कार्यविधि २०८१

**प्रस्तावना:**

बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ को अवधारणा, नेपालको संविधानमा भएको बाल अधिकार सम्बन्धी मौलिक हकको व्यवस्था, नेपालको त्रिवर्षीय अन्तरिम योजना, बालबालिका सम्बन्धी ऐन,२०७५ तथा स्थानीय सरकार संञ्चालन ऐन २०७४ ले बालबालिकाको पक्षमा नीतिगत तथा कानुनी प्रावधान राखी बाल अधिकारको समग्र पक्षको वकालत गरेको छ । त्यसैगरी स्थानीय सरकार संञ्चालन ऐन, २०७४ ले बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षरण, बाल विकास र बाल सहभागिता) को प्रबर्द्धन गर्न बालमैत्री स्थानीय शासन कार्यन्वयन गर्दै स्थानीय तहमा सुशासन अभिबृद्धि गर्न अवधारणा ल्याएको छ ।

बालअधिकारको अभ्यास गर्न, लोकतान्त्रिक मूल्यको प्रवर्द्धन गर्न, सुशासनको पूर्वाधार तयार गर्न, नेतृत्वको विकास र सशक्तीकरण गर्न, अन्यायपूर्ण विभेदकारी परिपाटी हटाउन, अपनत्व र स्वामित्व बढाउन, बाल अधिकारको सम्मान गर्न, समावेशीकरणको प्रवर्द्धन गर्न, विकासमा बालमैत्री पद्धतिको प्रवर्द्धन गर्न, जीवनोपयोगी सीप तथा स्वसंरक्षण प्रवर्द्धन गर्ने सवालमा बालअधिकारको एउटा पाटो बालसहभागिता अर्थपूर्ण बनाउने सवालमा बालक्लब तथा बालक्लब सञ्जालको गठन, सञ्चालन र व्यवस्थापनमा एकरुपता ल्याउन, परिचालन गर्न **नेपालको संबिधानको धारा ३९ मा उल्लेखित संगठित हुन पाउने अधिकार, बालबालिका संवन्धी ऐन,२०७५ को दफा १० को संस्था खोल्ने र शान्तिपूर्वक भेलाहुन पाउने अधिकार बमोजिम** परशुराम नगरपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने नियमावली २०७५ को दफा ३ बमोजिम **नगरपालिकाको बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धी व्यवस्था गर्नका लागि परशुराम नगरपालिका नगरकार्यपालिकाको वैठकबाट स्वीकृत भइ यो कार्यविधी तयार गरिएको छ ।**

**१.संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम बालक्लब र बालक्लब संजाल गठन संचालन सम्बन्धी कार्यविधि २०८२(Child Club and Child Club Network Formation and Mobilization Guideline-2082) रहेको छ ।

ख) यो कार्यविधि परशुराम नगरपालिकाको राजपत्रमा प्रकाशित गरेको मितिदेखि लागु हुनेछ ।

**२.परिभाषा:**विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) बालबालिका भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्तिलाई सम्भनु पर्दछ ।
ख) 'बालक्लब' भन्नाले यस कार्यविधिको दफा २.१ र २.२ को संरचना र २.३ मा भएको व्यवस्था बमोजिम ८ देखि १८ वर्ष उमेर समूहका बालबालिकाहरु संगठित भई बालअधिकारको संरक्षरण र सम्बर्द्धनका लागि विद्यालय र समुदाय स्तरमा गठन भई परशुराम नगरपालिका मा दर्ता भएका बालबालिकाहरुका गैरराजनैतिक संस्था (बालक्लब, श्रमिक बालक्लब, बालसमूह, बालमञ्च, बालसदन आदि) लाई सम्भनु पर्दछ ।

ग) वडा बालक्लब संजाल भन्नाले नगरपालिकाका सम्बन्धित वडाहरुमा रहेका समुदाय स्तर र विद्यालयस्तरका १.३ (ख) बमोजिमका बालक्लबहरुका प्रतिनिधिहरुले गठन गरेको संजाललाई सम्झनुपर्दछ।

घ) "वडा बाल परिषद्" भन्नाले नगरभित्रका वडाहरुमा रहेका समुदाय र विद्यालय स्तरका बालक्लबहरुबाट १.३ (ग) को कार्य गर्न आएका प्रतिनिधिहरुको प्रत्येक वडा स्तरको सर्वोच्च भेलालाई सम्झनुपर्दछ।

ङ) "नगर बालक्लब संजाल" भन्नाले नगरभित्रका वडा बालक्लब संजालहरुबाट आएका प्रतिनिधिहरुले चयन गरेको नगरपालिकास्तरको बालक्लब संजाललाई सम्झनुपर्दछ।

च) "नगर बाल परिषद्" भन्नाले नगरभित्रका वडाहरुबाट १.३ (ङ) बमोजिमको कार्य गर्न आएका बालक्लब संजाल सहितका बालबालिकाहरुको सर्वोच्च भेलालाई नगर बाल परिषद्सम्झनुपर्दछ।

छ) "शासन" भन्नाले कानुनद्वारा अधिकार प्राप्त राज्य/सरकार/स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रको विधिसम्मत प्रबन्ध वा संचालन सम्बन्धी कार्य वा अनुशासन वा मर्यादापालन गराउने विषयलाई सम्झनुपर्दछ।

ज) "स्थानीय शासन" भन्नाले स्थानीय सरकार संञ्चालन ऐन, २०७४ अवधारणा अनुरुप जनताको नजिकमा रहेका स्थानीय सरकारको प्रतिनिधि मार्फत्शासकीय व्यवस्था संचालन गर्ने पद्धतिलाई सम्झनुपर्दछ।

झ) "ऐन" भन्नाले स्थानीय सरकार संञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्दछ।

ञ) "कार्यविधि" भन्नाले परशुराम नगरपालिका ले बालबालिकाको हक अधिकार स्थापित गर्न तयार गरेको बालक्लब र बालक्लब संजाल गठन तथा संचालन सम्बन्धी कार्यविधि २०७७ लाई सम्झनुपर्दछ।

ट) "आवधिक नगर विकास योजना" भन्नाले नगरपालिकाको आवधिक नगर विकास योजनालाई सम्झनुपर्दछ।

ठ) "टोलविकास संस्था, टोल संगठन, वडा स्तरीय टोल समन्वय समिति, नगर समन्वय समिति" भन्नाले नगरपालिकाको अगुवाइमा गठन भई नगरपालिकामा सूचीकृत भएका नागरिकहरुको प्रतिनिधित्व गर्ने संस्थालाई सम्झनुपर्दछ।

ड) "नगरपालिका" भन्नाले परशुराम नगरपालिका डडेल्धुरा, जोगबुडालाई सम्झनुपर्दछ।

ढ) "विशेष प्रकृतिको क्षेत्र" भन्नाले बालश्रमिक, अपाङ्गता भएका बालबालिका, अनाथ बालबलिका, सडकमा आश्रित बालबालिका, अतिबिपन्न र लैंङ्गिक तथा यौनिक अल्पसंख्यक आदि समेतलाई जनाउनेछ।

**३. लक्ष्य :**

बाल सहभागिताको मर्मलाई प्रत्याभूत गराउने, बालबालिकासँग सरोकार राख्ने विषय तथा योजना तर्जुमादेखि कार्यान्वयनको तहसम्म बालबालिकाको अर्थपूर्ण सहभागिताको दिगो आधार सृजना गराउँदै अर्थपूर्ण बाल सहभागिताको प्रत्याभूति र अर्थपूर्ण बालसहभागितामा आधारित सुशासनयुक्त बालमैत्री नगरको निर्माण तथा विकास गर्ने।

**४.उद्देश्य :**

बालअधिकारको सम्मान गर्दै यसको पालना गर्ने सवालमा बालबालिकासँग सरोकार राख्ने विषयमा अर्थपूर्ण बाल सहभागिताको प्रत्याभूति दिलाउने ,

**५. बालक्लब गठनको उद्देश्य :**बालक्लबहरू गठन वा स्थापनाका निम्न उद्देश्यहरु रहनेछन्;

क) बालबालिकामा सामुहिक भावना, नेतृत्व गर्ने क्षमता र आत्मविश्वास विकास गर्न ।

ख) बाल अधिकारको प्रत्याभूति र बाल संरक्षणका लागि अभिभावक र जिम्मेवार निकायमा सकारात्मक दबाव सिर्जना गर्न ।

ग) बालबालिकामा समुदाय, समाज र देशप्रतिको जिम्मेवारी बोध गराउन ।

घ) बालबालिकालाई योजना बनाएर अगाडि बढ्ने र कठिनाइबाट सिक्ने अभ्यास गराउन ।

ङ) बालबालिकामा सहयोगी, सिर्जनात्मक र स्वस्थ्य प्रतिस्पर्धात्मक भावना विकास गर्न ।

च) बालअधिकारप्रति सचेत भई उनीहरुको चौतर्फी विकासका लागि सरोकारवालासँग मिलेर काम गर्ने बानी बसाउन र वातावरण सृजना गर्न ।

छ) अभिभावक, शिक्षक र विद्यार्थी बीच सुमधुर सम्बन्ध विकास गरी घरपरिवार, समुदाय तथा विद्यालयमा भयरहित वातावरण विकास गर्न ।

ज) जातीय बिभेद, छाउपडी कुप्रथा, बालबालिको ओसारपसार तथा बेचबिखन, बाल बिवाह, बाल यौन दुर्व्यबहार बालश्रम निषेध, अपाङ्गता भएका र एचआइभि एड्स प्रभावितलाई गरिने बिभेदलाई निषेध गर्न सामाजिक अभियान सञ्चालन गर्न ।

ञ) प्रविधिको अधिकतम्सदुपयोग गर्न र प्रविधिको दुरुपयोगलाई निरुस्ताहित गर्न ।

ट) विभिन्न प्रकारका दुर्व्यसन र कुलतहरुबाट बचाई स्वयं परिबार, समाज र राष्ट्रप्रति कर्तव्यनिष्ठ बनाउन ।

**६. बालक्लब संजाल गठनको उद्देश्य :**

क) बालबालिकासँग सरोकार राख्ने विषयमा नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न संगठित पहल गर्न ।

ख) बालक्लब, बालसमूह वा बालमञ्चको नामबाट सञ्चालन भइरहेका समूहका कामहरूबीच समन्वय गरी एकीकृत रुपमा गराउन ।

ग) बालबालिकासँग सरोकार राख्ने विषयहरूको सूचना एकीकृत र अध्यावधिक गर्न ।

घ) बालबालिकाको नेतृत्व क्षमता विकास गर्न ।

ङ) बालअधिकारसँग सम्बन्धित समस्याहरूको पहिचान गरी समाधानको उपायहरू खोजी गर्न ।

च) बालबालिकाको क्षेत्रमा काम गरिरहेका सवाल र सरोकारवालाहरू पहिचान गरी बालअधिकार प्रबर्द्धनका लागि सहकार्य र समन्वय गरी पैरबी गर्न ।

छ) बालमैत्री नगरपालिका निर्माण र कार्यान्वयनमा अर्थपूर्ण सहभागिता जनाउन ।

ज) बालश्रम निषेधका लागि दबावमूलक कार्य सञ्चालन गर्न । झ) बाल बिवाह निषेध गर्न समुदायमा सकारात्मक पहल गर्न ।

ञ) समुदायमा रहेका बिकृति र बिसंगति हटाउन जनचेतनामूलक कार्यहरु सञ्चालन गर्न ।


**७. बालक्लब तथा बालक्लब संजाल सम्बन्धी व्यवस्था: बालक्लब तथा बालक्लब संजाल:**

विद्यालय, समुदाय तथा विशेष प्रकृतिका गरी तीन प्रकारका बालक्लबहरु गठन गरिने छन्। प्रत्येक टोल/समुदाय स्तरमा गठन भएका बालक्लबहरुलाई समुदाय स्तरको बालक्लब भनिनेछ भने विद्यालय स्तरमा गठन भएका बालक्लबहरुलाई विद्यालय स्तरीय बालक्लब भनिनेछ । समुदाय स्तरमा श्रमिक लगायतका अन्य विशेष प्रकृतिका बालबालिकाहरुका क्लबहरु समेत रहन सक्नेछन्। यसप्रकार समुदाय/टोल तथा विद्यालयमा गठन भएका बालक्लबहरुको प्रतिनिधिहरुको सहभागितामा छाता संगठनको रुपमा वडा बाल संजाल तथा वडा बाल संजालका प्रतिनिधि पदाधिकारीको सहभागितामा नगर बालक्लब संजालको गठन हुनेछ । नगर बालक्लब संजाल परशुराम नगरपालिका  क्षेत्र भित्रका सम्पूर्ण बालक्लबहरुको छाता संगठन रहने छ । बालक्लब तथा बालक्लब संजालको नियमित कार्य संचालन गर्नका लागि एक कार्य समितिको ब्यवस्था हुनेछ । उक्त बालक्लब तथा बालक्लब संजालमा तोकिएकोसंख्यामा पदाधिकारीहरु रहनेछन्। पदाधिकारीहरु एक निश्चित समय वा कार्यकालका लागि निर्बाचनका माध्यमबाट चयन हुनेछन् । कुनै एक बालक्लब वा संजालको कार्यसमितिमा रहेका बालबालिकाहरु अर्को क्लब वा संजालको कार्यसमितिमा भने रहन पाउने छैनन् । बालक्लब तथा बालक्लब संजालले आवश्यक ठानेमा कार्य समितिको बैठकको निर्णयले आफ्नो कार्यलाई थप ब्यवस्थित बनाउन आवस्यकता अनुसार विभिन्न उपसमितिहरुको गठन गर्न सकिने छ भने आवश्यक ठानेमा बढीमा ५ सदस्यीय सल्लाहकार समिति पनि बनाउन सकिनेछ । यस्तो सल्लाहकार समितिमा बालक्लबका पूर्व पदाधिकारीहरु तथा बालक्लबको हित चाहने शिक्षक, स्वास्थ्यकर्मी, बालबालिकाको क्षेत्रमा कार्य गर्ने सरकारी र गैर सरकारी संस्थाका प्रतिनिधि मध्येबाट बढीमा २ बर्षको कार्यकालका लागि मनोनयन गर्न सकिनेछ ।


**८. बालक्लब तथा बालक्लब संञ्जालको संरचना:**

यस कार्यविधि बमोजिम परशुराम नगरपालिका  क्षेत्रभित्र गठन हुने बालक्लब तथा बालक्लब संजालको तहगत संरचना निम्नानुसार हुनेछ :


**क) बालक्लब तथा बालक्लब संजालको तहगत संरचना:**



**ख) वडास्तरीय बालक्लब संजालको संरचनाः**




**ख) टोलतथा विद्यालय स्तरीय बालक्लबको संरचना :**




**९. बालक्लब गठनः**

क) समुदाय वा विद्यालयमा रहेका कम्तिमा २५ जना बालबालिकाले सामुहिक भावनाले प्रेरित भई संगठित ढंगले काम गर्न चाहेमा लोकतान्त्रिक तरिकाबाट बालक्लब गठन गर्न सक्नेछन्, तर विशेष प्रकृतिको बालकल्व गठनका लागि कम्तिमा १० जना सदस्य भए पुग्ने छ ।

ख) बालक्लब गठन गर्दा विद्यालयमा अध्ययनरत बालबालिकाले सम्बन्धित विद्यालयको शिक्षक मार्फत् प्रधानाध्यापक सँग र समुदायका बालबालिकाले अभिभावक मार्फत् वडा कार्यालयसँग परामर्श लिई निजहरुको सहजीकरणमा बालक्लब गठन हुनेछन्।

ग) लोकतान्त्रिक रुपले चुनाव नहुँदाका बखतसम्म यसरी गठन भएको बालक्लबले तदर्थ समितिको रुपमा काम गर्नुपर्नेछ तर यस्तो अवधि ६ महिना भन्दा बढी हुन पाउने छैन । यदि तदर्थ समितिले ६ महिनाभित्र निर्वाचन मार्फत् नयाँ कार्य समितिको चयन गर्न नसकेमा यस्तो तदर्थ समिति स्वतः खारेज भएको मानिनेछ र पुनः २(३)(ख) बमोजिम सम्बन्धित वडा कार्यालयले गठन गर्न पहल गर्नेछ ।

घ) बालक्लब गठनका लागि परामर्श लिने व्यवस्थाः सम्बन्धित विद्यालयको बालमैत्री सम्पर्क शिक्षक वा प्रधानाध्यापक वा टोल संगठन एवम् अभिभावकले बालबालिकाहरुलाई परामर्श दिँदा विद्यायलमा वा समुदायमा (सम्बन्धित विद्यालय वा टोलभित्र) त्यसअघिनै अन्य बालक्लबहरु टोल तथा विद्यालयस्तरीय बालभेला समुदाय तथा विद्यालय स्तरीय बालक्लब टोल बाल सल्लाहकार समिति वडा बालक्लब विषगत उपसमितिहरु शिक्षा, खेलकुद, मनोरन्जन, स्वथ्य तथा सरसफाई, आर्थिक, सामाजिक, गुनासोसुनुवाई कार्यक्रम संचालन उपसमितिहरु कार्यविधि बमोजिम गठन भई क्रियाशील भएको खण्डमा अर्को बालक्लब गठन गर्न अभिप्रेरित गर्न पाउने छैन । यसरी कुनै एउटा विद्यालयमा वा टोलभित्र एउटा बालक्लब कार्यरत हुँदाहुँदै अर्को बालक्लब गठन गरेमा वा गरेको पाइएमा त्यस्ता बालक्लबलाई दर्ता गर्न नगरपालिका बाध्य हुनेछैन ।

यस कार्यविधि बाहिर रहेर अन्य कुनै बालक्लब कार्यरत रहेको अवस्थामा उक्त बालक्लबलाई यसै कार्यविधि अनुरुप टोलका बालबालिकाको सहभागितामा पुनर्गठन गर्नुपर्नेछ ।

**१०. उपसमितिको व्यवस्थाः**

बालक्लबले कार्यसमितिका सदस्यहरुमध्ये कुनै एकजनाको संयोजकत्वमा आवश्यकता हेरी निश्चित समयका लागि बढीमा सात सदस्यीय उपसमिति गठन गर्न सक्नेछ । यस्तो कार्यसमितिले तोकेको विषय वा क्षेत्रसँग सम्बन्धित काम सम्पन्न गर्नेछ । आवश्यक जानकारीका लागि केही उपसमितिहरुको नाम र तिनको काम निम्नानुसार उल्लेख गरिएको छ :

**क.भित्तेपत्रिका उपसमिति :**

१. मासिक रुपमा भित्तेपत्रिका प्रकाशन गर्नु ।

२. भित्तेपत्रिका प्रकाशनका लागि आवश्यक सामग्रीहरू सुरक्षित राख्नु ।

३. बालबालिकाका रचनाहरू पत्रिकामा क्रमशः प्रकाशित गर्दै जानु ।

४. अन्य सहयोगी साथीहरू खोजी भित्तेपत्रिका तयारी सम्बन्धी सीप सिकाउनु ।

५. भित्तेपत्रिकाका उत्कृष्ट लेख रचनाहरूलाई अन्य पत्रपत्रिकामा पठाउनु ।

**ख. स्वास्थ्य र सरसफाइ उपसमिति :**

१. आफ्नो कार्यक्षेत्रभित्र स्वास्थ्य र सरसफाइ सम्बन्धी अभियान सञ्चालन गर्नु ।

२. वडा वा नगरपालिकालाई खुला दिसामुक्त/पूर्ण सरसफाइ/पूर्ण खोपयुक्त बनाउने अभियानमा सहयोग गर्नु ।

**ग. शिक्षा उपसमिति :**

१. भयरहित र गुणस्तरीय सिकाइ सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु ।

२. विद्यालयको नियमित क्रियाकलाप सञ्चानमा सहयोग पुर्‍याउनु ।

३. विद्यालय भर्ना अभियान सञ्चालनमा सहयोग पुर्‍याउनु ।

४. बिद्यालय जाने उमेर पुगेका बालबालिकालाई बिद्यालयमा भर्ना गराउनु ।

५. बिद्यालय उमेर समूह भित्रका बिद्यालयबाट बञ्चित बालबालिकाहरुको तथ्यांक संकलनमा सहयोग गर्नु ।

**घ. खेलकुद/अतिरिक्त क्रियाकलाप उपसमिति :**

१। खेलकुदका सामग्रीहरू सुरक्षित रुपले राख्नु ।

२। साप्ताहिक रुपले खेलकूद एबं अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्नु ।

**ङ) आर्थिक उपसमितिः**

१। बालक्लबमा जम्मा भएको रकमकलम र जिन्सी सामानका रेखदेख गर्नु ।

**११. सदस्यता सम्बन्धी ब्यवस्थाः**
**क) सदस्यता लिनुपर्ने ब्यवस्थाः**

क) कुनैपनि बालक्लबमा आबद्ध रहन बालबालिकाले बालक्लबको सदस्यता अनिवार्य लिनुपर्नेछ ।
ख) विद्यालयका बालबालिकाले सम्बन्धित विद्यालयमा बनेको बालक्लबाट र समुदायमा रहेका बालबालिकाले आफ्नो टोलमा गठन भएको समुदाय स्तरका बालक्लबको सदस्यता लिनुपर्नेछ ।
ग) बालक्लबको सदस्य बन्न योग्यता पुगेका बालबालिकाले बालक्लबको सदस्य बन्न चाहेमा प्रत्येकले तोकिएको बार्षिक सदस्यता शुल्क तिरेर मात्र सदस्यता लिन वा सदस्यता नवीकरण गर्न सक्नेछन्।

**ख) सदस्यताको लागि आवश्यक योग्यताः**

क) बालबालिकाको उमेर १२ बर्ष पुरा भई १८ बर्ष ननाघेको ।
ख) जन्मदर्ता भएको ।
ग) समान प्रकृतिको अर्को बालक्लबमा आबद्ध नभएको ।
घ) बालक्लबको सदस्यता लिई नियमितरुपमा नवीकरण गराएको वा गराउने गरेको ।
ङ) बालक्लबको आचारसंहिता पालन गर्न योग्य भएको वा सहमत भएको ।
च) माथि जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालय स्तरको बालक्लबमा आबद्ध भएका बालबालिकाले समुदाय तहमा गठन भएको कुनै एउटा बालक्लबको मात्र सदस्य बन्न पाउनेछन् तर कुनै एउटा समुदाय तहमा बनेको बालक्लबको सदस्यले अर्को समुदाय तहको बालक्लबको र कुनै एउटा विद्यालयतहको बालक्लबको सदस्यले अर्को विद्यालयतहको बालक्लबको सदस्य बन्न सक्नेछैन । बालबालिकाको उमेर १८ पुगेपछि बालक्लबको सदस्यता स्वतः समाप्त हुनेछ ।

**ग) सदस्यता लिने तथा पाउने प्रक्रियाः**

क) बालक वा बालिकाले बालक्लबको सदस्य हुन चाहेमा सम्बन्धित क्षेत्रको बालक्लबसंग तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ ।
ख) बालक्लब कार्यसमितिले छानविन पश्चात्सम्बन्धित बालक्लबको सदस्य हुनका लागि अनुमति प्रदान गर्न सक्नेछ ।
ग) उक्त अनुमतिपछि सदस्यता रसिद काटी निर्धारित सदस्यता शुल्क तिरेपछि सदस्य बन्न सक्नेछ ।

**घ) सदस्यताको अवधिः**
बालक्लब सदस्यताको अवधि एक बर्षको हुनेछ र प्रत्येकबर्ष सदस्यता नवीकरण गर्नुपर्नेछ ।

**□) सदस्यता शुल्क सम्बन्धी ब्यवस्थाः**
सदस्यता शुल्कको हकमा नगर बालक्लब संजालको कार्यसमितिको बैठकको निर्णय बमोजिम सबै बालक्लबहरुमा एकरुपता हुनेगरी र सम्पूर्ण बालबालिकाहरुलाई सजिलै तिर्न सक्ने गरी लागु गरिनेछ । तर बार्षिक सदस्यता शुल्क बापत रु ५ भन्दा बढी रकम लिन पाइने छैन । सदस्यता रसिदको नमुना अनुसूची १ मा समाबेश गरिएकोछ ।

**च) सदस्यता खारेजी र बचाउः**
क) बालबालिकाको उमेर १८ बर्ष पुगेपछि बालक्लबको सदस्यबाट स्वतः हट्नेछ ।
ख) बालक्बल सदस्यको आचारसंहिता विपरीत गतिविधिमा संलग्न भएको प्रमाणित भएको सदस्यको सदस्यता खारेज हुनेछ ।
ग) एकभन्दा बढी बालक्लबको सदस्यता लिएको अवस्थामा कुनै एक क्लबबाहेक अन्य बालक्लबको सदस्यता रद्द हुनेछ ।
घ) कुनैपनि बालबालिकाको सदस्यता रद्द वा खारेज गर्नु अगाडि सम्बन्धित बालबालिकालाई पर्याप्त सफाईको मौका प्रदान गर्नुपर्नेछ । आफ्नो सदस्यता खारेज हुने निर्णय वा प्रक्रियामा चित्त नबुझेमा त्यसको बचाउका लागि आफू आबद्ध भएको बालक्लब भन्दा माथिल्लो बालक्लब संजालमा पुनरावेदन दिन सकिनेछ । माथिल्लो बालक्लब वा बालक्लब संजालको निर्णय अन्तिम हुनेछ ।

**छ) बालभेला तथा परिषद् बोलाउने ब्यवस्थाः**
क) बालक्लबले निर्णय गरी निश्चित मिति, स्थान र समयमा बालक्लबका सदस्यहरुको भेला वा परिषद्बोलाउने छ ।
ख) यसरी बोलाउने भेला वा परिषद्को जानकारी कम्तिमा ७ दिन अगावै सबै सदस्यहरुले थाहा पाउने गरी सूचना दिनुपर्नेछ, र भेला सार्वजनिक बिदाका दिन आयोजना गर्नु पर्ने छ ।
ग) टोल भेलामा नगरको वडा बालक्लब संजालका प्रतिनिधिको तथा वडा भेला वा परिषद्मा नगर बालसंजालका प्रतिनिधिहरुको उपस्थिति अनिवार्य हुनेछ ।
घ) यस कार्यबिधिमा जुनसुकै कुरा लेखिएको भएतापनि वडा तथा नगर बालक्लब संजाल नबन्दाका बखतसम्म बालभेलामा बालक्लब संजालका प्रतिनिधिहरुको उपस्थिति अनिवार्य मानिने छैन ।

**ज) बालक्लबको कार्यकाल :**

१) निर्बाचित बालक्लबको कार्यकाल दुई वर्षको रहनेछ, यदि कार्यकाल पुरा नहँदै बालक्लब निस्क्रिय भएमा माथिल्लो बालक्लब संजालको अनुमतिमा बाँकी अवधिका लागि उक्त बालक्लबका सदस्यहरु मध्येबाट पदपूर्ति गर्न वा पुनर्गठन गर्न सकिने छ ।

२) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि प्राविधिक कारणले तोकिएको समयावधिभित्र निर्वाचन हुन नसकेमा मनासिव कारण सहित बालक्लब कार्यसमितिको दुई तिहाई मतले बढीमा एकपटक ६ महिनाको लागि कार्यावधि बढाउन सक्नेछ । तर यस्तो अवधि बढाउन माथिल्लो संजालको अनुमति लिन अनिवार्य छ ।

**१२. निर्वाचन सम्बन्धी व्यवस्था :**

**१३. पदाधिकारीको संख्या र तह :**

क) बालक्लब गठन गर्दा हरेक तहको बालक्लबको कार्यसमिति र हरेक उपसमितिमा कम्तिमा ४० प्रतिशत बालिका रहनु पर्नेछ ।

ख) दलित, अपाङ्गता भएका, विपन्न, सडक तथा श्रमिक तथा विभिन्न खाले कठिन परिस्थितिमा रहेका बालबालिका भएमा उनीहरुको अनिवार्य प्रतिनिधित्वको व्यवस्था मिलाउनु पर्नेछ ।

ग) नगरपालिकाका वडा अन्तर्गत गठन हुने विभिन्न बालक्लबहरुको गठन निम्नानुसार हुनेछः

अ) ८ बर्ष पुरा भई १८ बर्ष ननाघेका बालबालिको सहभागितामा सम्बन्धित टोलमा स्थाई वा अस्थाई बसोबास भएका कम्तिमा २५ जना बालबालिकाहरुको सहभागितामा बालक्लव गठन गरिने छ ।

आ) बालक्लवको कार्यसमितिमा कम्तीमा ४० प्रतिसत बालिका पर्ने गरी अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १ र सदस्यहरु गरी जम्मा ११ सदस्य रहेको टोल वा समुदाय स्तरीय बालक्लब गठन गर्न सकिने छ भने ९ जना निर्बाचित हुनेछन्भने भूगोल, लिंग, प्रतिभा जस्ता कुरालाई आधार मानी दुई जना निर्बाचित कार्य समितिले मनोनयन गर्न सक्नेछ ।

इ) विद्यालय तथा श्रमिक बालक्लबमा संगठित कार्यसमितिका सदस्यहरुले टोल बालक्लबको कार्यसमिति सदस्य हुन पाउने छैन ।

**१४. मताधिकार प्रयोग गर्न तथा उम्मेद्वार हुनका लागि आवश्यक योग्यताः**

क) बालक्लबको सदस्यता लिई नियमित नवीकरण गराएको ।

ख) बालक्लबको आचारसंहिता पालन गर्न योग्य भएको वा सहमत भएको ।

ग) समुदाय स्तरको कुनै एउटा बालक्लबमा मात्र आबद्ध भएको वा सदस्यता लिने मितिसम्म कुनै पनि बालक्लबमा आबद्ध नभएको ।

**१५. निर्वाचन प्रकृया :**

क) सम्बन्धित बालक्लबले निर्वाचनका लागि तीन सदस्यीय एक निर्वाचन समितिको गठन गर्ने ।

ख) निर्वाचन समितिले निर्वाचनका लागि आवश्यक सम्पूर्ण प्रक्रिया र पद्धतिको व्यवस्था मिलाई निश्चित समयभित्र निर्वाचनको कार्य सम्पन्न गर्नेछ ।

ग) निर्वाचन कार्य सम्पन्न गरी शपथ ग्रहणको कार्य पुरा भएपछि निर्वाचन समितिको कार्यावधि स्वतः समाप्त हुनेछ ।

**१६. निर्बाचन प्रक्रियाः**

क) सर्वसहमतिले निर्वाचित वा चयन हुन नसकेमा गोप्य मतदानको माध्ययमबाट बहुमत सदस्यले छानेको व्यक्ति पदाधिकारी निर्वाचित हुनेछ । यसरी निर्वाचन प्रक्रिया अपनाउदा समेत तोकिए बमोजिमका बालक वा बालिकाको संख्या मिलाउनु पर्नेछ ।

ख) जुनसुकै विधि अपनाउदा पनि एक कार्यकाल अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष भई काम गरेका बालक वा बालिकाले सम्बन्धित पदमा पूनः उम्मेदार हुन पाउने छैन ।

**१७. शपथको व्यवस्थाः**

निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई अनुसूचि ८ बमोजिम शपथ ग्रहण गराईनेछ ।

**१८. बालक्लब दर्ता सम्बन्धी व्यवस्था :**

समुदायमा आधारित बालक्लब तथा विद्यालयमा आधारित बालक्लबहरु सम्बन्धित टोल संगठन र सम्बन्धित विद्यालयको सिफारिसमा परश'राम नगरपालिका को कार्यालयमा दर्ता भएपछिमात्र बालक्लब संजालमा आबद्ध हुन योग्य मानिनेछन् । नगरपालिकाभित्रका श्रमिक, अपाङ्गता भएका बालबालिकाहरुले बिशेष किसिमको छुट्टै बालक्लब बनाएको अवस्थामा वडा कार्यालयले सिफारिस गरी परश'राम नगरपालिका मा दर्ता भएपछिमात्र बालक्लब संजालमा आबद्ध हुन योग्य मानिनेछ ।

**१९. दर्ता हुने प्रक्रिया:**

बालक्लब दर्ता गर्नका लागि नवगठित बालक्लबको बैठक बसी समुदाय स्तरीय र टोल स्तरीय बाल क्लबलाई सम्बन्धित वडा कार्यालय र बिद्यालय, वडास्तरीय र नगरस्तरीय बालक्लबलाई वडा कार्यालयको सिफारिसमा परशुराम नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा दर्ता गर्न सकिनेछ । दर्ताका लागि अनुसूची ९ बमोजिमको ढाँचामा निवेदन फारम भरी बालक्लवको बिधान, बालक्लव दर्ता गर्ने निर्णय, कार्य समितिको विवरण, कार्य समिति सदस्यको जन्मदर्ता प्रतिलिपि, बिद्यालय तथा वडाकार्यालयको सिफारिस सहितको आवेदन परशुराम नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा पेस गर्नुपर्नेछ ।

**२०. दर्ता गर्ने तथा प्रमाणपत्र सम्बन्धी व्यवस्था:**

क) सम्बन्धित निवेदनमाथि दर्ता गर्ने निकायले अध्ययन गरिसकेपछि एक विद्यालय एक बालक्लब, एक टोल एक बालक्लब, एक वडा एक वडा बालक्लब संजाल तथा एक नगर एक नगर बालक्लब संजालको आधारमा बालक्लबलाई दर्ता गर्न सकिनेछ ।

ख) दर्ता भएका बालक्लबलाई परशुराम नगरपालिका नगरकार्यपालिकाको कार्यालयले अनुसूची १० बमोजिम दर्ताको प्रमाणपत्र उपलब्ध गराउने छ ।

**२१. बालक्लब नवीकरण सम्बन्धी व्यवस्था :**

सबै बालक्लबहरुले प्रत्येक शैक्षिक बर्षमा बर्ष सुरु भएको दुई महिनाभित्र(बैशाख-जेठ महिना) परशुराम नगरपालिका मा नवीकरण गरिसक्नु पर्नेछ । यसका लागि बालक्लबले आवेदनका साथ उक्त बालक्लबले गरेको बार्षिक कार्य प्रगति प्रतिबेदन र आर्थिक प्रतिबेदन पेस गर्नु पर्नेछ ।

**२२. बालक्लब संजाल :**

**२३. वडा बालक्लब संजाल :**

क) परशुराम नगरपालिका को वडा स्तरमा रहेका समुदाय स्तरीय र विद्यालय स्तरीय बालक्लबहरुद्वारा सम्बन्धित वडामा बनेको संजाललाई वडा बालक्लब संजाल भनिनेछ ।

ख) नगरपालिकाको वडामा दुईभन्दा बढी बालक्लब रहेको अवस्थामा वडा बालक्लब संजाल गठन गर्न सकिनेछ, उक्त वडाको क्षेत्रभित्र संचालित विद्यालयमा बनेका वा समुदाय (टोल) मा बनेका बालक्लबहरु यसका सदस्य बालक्लबहरु हुनेछन् । बालबालिकाको बसोबास जुनसुकै वडामा भएको भएतापनि विद्यालय रहेको वडाकै बालक्लबमा आबद्ध भएको हकमा सोही वडाको संजालमा आबद्ध गर्न सकिनेछ ।

ग) यस्ता समुदाय र विद्यालयस्तरका बालक्लबहरुको वडा स्तरीय भेलाबाट गठन हुने सो संजालमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १ र बाँकी कार्यसमिति सदस्य रहने गरी जम्मा ९ देखि १५ जना सम्मको कार्यसमिति रहन सक्नेछ ।

**२४. नगर बालक्लब संजाल :**

वडाहरुमा बनेका बालक्लबहरुको प्रतिनिधिमूलक संजाललाई नगर बालक्लब संजाल भनिनेछ । यो संजाल नगरमा रहेका सबै बालक्लबहरुको छाता संगठनको रुपमा रहनेछ । यसका पदाधिकारीहरु भने वडा बालक्लब संजालबाट चुनिएर आएका प्रतिनिधिहरुबाट चुनिनेछन्।

**२५ बालक्लब संजाल गठन सम्बन्धी व्यवस्था :**

**२६. बालक्लब संजाल गठनः**

क) सबै तहका बालक्लब संजालको गठन तथा पुनर्गठन बालक्लब गठनका लागि तोकिएको निर्वाचन प्रक्रिया अनुरुपनै गर्नुपर्ने छ ।

ख) हरेक तहको बालक्लब संजालको कार्यसमिति र उपसमितिमा कम्तीमा ४० प्रतिशत बालिका रहनुपर्नेछ ।

ग) सबभन्दा पहिले बालक्लब संजालका लागि आवश्यक प्रतिनिधिहरुको छनौट गर्नुपर्नेछ र जम्मा सहभागीहरुबाट बालक र बालिकाको समावेशी एवं समानुपातिक प्रतिनिधित्व गराउनुपर्दछ । जसमा दलित, अपाङ्गता भएका, विपन्न, सडक, श्रमिक तथा विभिन्न खाले कठिन परिस्थितिमा रहेका बालबालिका भएमा उनीहरुको अनिवार्य प्रतिनिधित्वको व्यवस्था मिलाउनु पर्नेछ । यसरी समावेशी र समानुपातिक प्रतिनिधित्व गराउने क्रममा छुटेका विशेष क्षेत्रका बालबालिका मध्येबाट बालक्लब संजालका हरेक तहको कार्यसमितिमा तहको आधारमा बढीमा ३ जनासम्म मनोनित गर्न सकिनेछ ।

**२७. बालक्लब संजालको कार्यकाल :**

क) हरेक तहका बालक्लब संजालको कार्यसमितिले समय सीमा भित्रै विधानको प्रक्रिया पुरा गरी पुनर्गठनको निर्वाचन) प्रक्रिया अगाडि बढाउनु पर्दछ र नयाँ कार्यसमितिलाई जिम्मेवारी हस्तान्तरण गरिनुपर्दछ । तर निर्धारित समयमा कार्यसमिति पुनर्गठन गर्न नसके त्यो कार्यसमितिले एक पटकमात्र बढीमा ६ महिनाका लागि थप म्याद लिन सक्नेछ । तर यस्तो समयावधि थप गर्नका लागि माथिल्लो कमिटि वा संजालको अनुमति लिनुपर्नेछ ।

**२८. बालक्लब संजाल सल्लाहकार समिति :**

बालक्लब संजालका पूर्व पदाधिकारीहरु तथा सदस्यहरु वा बालक्लबको हित चाहने र बालक्लब सम्बन्धी ज्ञान भएका वयस्कहरु रहेको बढीमा पाँच सदस्यीय सल्लाहकार समिति गठन गर्न सकिने छ । सल्लाहकार समितिले बालक्लब तथा बालक्लब संजालले सल्लाह मागेको खण्डमा वा आवश्यकता भएको खण्डमा बालक्लब तथा बालक्लब संजाललाई सुझाव वा सल्लाह दिन सक्नेछ ।

**२९. बालभेला तथा परिषद् सम्बन्धी व्यवस्था :**

**३०. वडा बालभेला तथा परिषद् :**

वडा बाल परिषदमा प्रत्येक टोल स्तरीय बालक्लब, विद्यालय स्तरीय बालक्लब र श्रमिक बालक्लबका निर्धारित संख्यामा प्रतिनिधिहरुको सहभागिता रहनेछ ।

**३१. वडा भेला तथा परिषदका लागि प्रतिनिधिहरु छनौट सम्बन्धी व्यवस्था :**

प्रत्येक टोल स्तरीय बालक्लब, विद्यालय स्तरीय बालक्लब र विशेष बालक्लबले वडा भेला वा वडा परिषद्का लागि निम्नानुसार प्रतिनिधिहरु छनौट गर्नुपर्नेछ :

क) प्रत्येक टोल स्तरीय बालक्लब कार्यसमितिबाट १ बालक र १ बालिका गरी २ जना

ख) प्रत्येक विद्यालय स्तरीय बालक्लब कार्यसमितिबाट कम्तिमा १ जना बालक र १ जना बालिका सहित जम्मा ३ जना

ग) प्रत्येक वडा श्रमिक बालक्लब (यदि भएमा) कार्यसमितिबाट कम्तिमा १ जना बालक र १ जना बालिका सहित जम्मा ३ जना

घ) उपरोक्त प्रतिनिधिहरुको सहभागितामा वडा बालभेला वा वडा परिषद् भई वडा स्तरीय बालक्लब संजाल गठन हुनेछ ।

**३२. वडा बालक्लब संजाल गठन सम्बन्धी व्यवस्था :**

क) १० वटा सम्म टोल स्तरीय बालक्लब भएका वडामा ११ सदस्यीय वडा स्तरीय बालक्लब संजाल गठन हुनेछ, जसमा ५ जना टोल स्तरीय बालक्लबबाट, ४ जना विद्यालय स्तरीय बालक्लबबाट र २ जना बिशेष प्रकृतिका बालक्लबबाट सदस्यहरु छनौट हुनेछन्। यसरी सदस्यहरु छनौट गर्ने क्रममा उपर्युक्त विभिन्नि तहका बालक्लबहरुबाट संख्याको आधारमा सदस्य संख्या फरक पर्न सक्नेछ । विद्यालय र बिशेष प्रकृतिका बालक्लबबाट कम्तिमा एक एक जना र टोल बालक्लबबाट कम्तिमा २ जना बालिका अनिवार्य रुपमा छनौट भएको हुनुपर्नेछ ।

ख) ५ देखि १० वटा सम्म टोल स्तरीय बालक्लब भएको वडामा ११ सदस्यीय वडा बालक्लब संजाल गठन हुनेछ, जसमा ३ जना विद्यालयबाट, ३ जना बिशेष प्रकृतिका बालक्लबबाट र ५ जना टोल स्तरीय बालक्लबबाट सदस्य रहनेछन् । अन्य व्यवस्था माथि क मा उल्लेख गरिए बमोजिम नै हुनेछ ।

ग) यदि कुनै वडाको बालक्लब कार्यसमितिमा उपरोक्त बमोजिम बिशेष प्रकृतिका बालक्लब तथा विद्यालयको तर्फबाट तोकिएको संख्यामा बालक्लबको संख्यामा प्रतिनिधित्व हुन नसकेको खण्डमा घटी भएको सदस्य टोल बालक्लबबाट थप गर्न सकिनेछ ।

**३३. नगर बाल परिषद् र प्रतिनिधि एवं पर्यबेक्षक सम्बन्धी व्यवस्था :**

क) नगर स्तरीय बाल परिषद्मा प्रत्येक वडा स्तरीय बाल संजालका निर्धारित संख्यामा प्रतिनिधिहरुको सहभागिता रहनेछ । नगर बाल परिषद आयोजना गर्ने मिति भन्दा कम्तिमा २ महिना अघिनै टोल तथा विद्यालय स्तरीय बालक्लब तथा वडा बालक्लब संजालको निर्वाचन कार्य सम्पन्न हुनुपर्नेछ । यस नगर बाल परिषदले नगर बाल संजाल गठनको साथै आफ्ना योजनाहरु समेत बनाउनेछ । नगरपालिकामा योजना प्रस्तुत गर्नुअघि नगर बालक्लब संजालले नगर बालभेला वा परिषद बोलाउनु पर्नेछ । नगर बाल परिषदले आफ्ना मातहतका वडा संजालहरुबाट आएका योजनाहरु उपर छलफल गरी प्राथमिकता तोक्नेछ र सोही आधारमा योजनाहरुको अन्तिम सूची बनाउनेछ । नगर बाल परिषदमा नगर स्तरीय बालक्लब संजालका पदाधिकारीहरु, प्रत्येक माध्यमिक तहका बिद्यालयबाट १।१ जना बालक र बालिका पर्ने गरी सदस्यहरु, नगर क्षेत्र भित्रका बालक्लबमा प्रतिनिधित्व हुन नसकेका बर्ग क्षेत्र एबं समुदायबाट कम्तिमा १८ जना सदस्यहरु सहित प्रत्येक वडा बालक्लब संजालबाट कम्तिमा १ जना बालिका सहित दुई जना बालबालिका समेत गरी बालबालिकाको सहभागिता रहनेछ ।

ख) बालक्लब सम्मिलित वडा स्तरीय बालक्लब संजालले आफ्नो कार्यसमितिबाट नगर बालभेलाको लागि निम्न बमोजिम प्रतिनिधि एवं पर्यबेक्षक छनौट गर्नेछन्:

१। प्रत्येक वडा बालक्लब संजाल कार्यसमितिबाट ३ जना प्रतिनिधि छनौट हुनेछन्, जसमा कम्तिमा १ जना बालक र १ जना बालिका हुनुपर्नेछ । साथै उक्त ३ जना मध्ये विद्यालय, टोल र बिशेष प्रकृतिका बालक्लबको तर्फबाट एक एक जनाको प्रतिनिधित्व हुनुपर्नेछ ।
२। यदि कुनै वडाको कार्यसमितिमा बिशेष प्रकृतिका बालक्लब तथा विद्यालयको प्रतिनिधित्व हुन नसकेमा वा नगर प्रतिनिधिमा उम्मेदवारी नदिएमा टोल बालक्लबबाट थप १ जना प्रतिनिधि छनौट हुनेछ ।
३। उपरोक्त अवस्था बाहेक विशेष र प्रतिनिधित्व हुन नसकेको क्षेत्र, वर्ग, लिङ्ग तथा समुदायबाट थप ५ जना प्रथम पटक परिषदले र त्यसपछि नगर संजालले मनोनित गर्नेछ।

ग) प्रथमपटकको नगर बालभेला वा परिषदमा यसको ब्यापकताका लागि निम्नानुसारका पर्यवेक्षक समेत हुनेछन्।

१। ११ सदस्य रहने वडा स्तरीय बालक्लब संजालले समितिका सदस्यहरुमध्येबाट ३ जना ( कम्तिमा १/१ जना बालक र बालिका पर्ने गरि) प्रतिनिधि छनौट गरी पठाउनेछन्।
२। विद्यालयको प्रतिनिधित्व हुन नसकेको वडाबाट टोल वा बिशेष प्रकृतिका बालक्लबबाट थप प्रतिनिधित्व गर्न सकिनेछ ।
३। पर्यवेक्षकहरुको मताधिकार भने रहनेछैन । पर्यबेक्षकहरुमा नगरपालिकाको सामाजिक बिकास शाखा, महिला बालबालिका एकाइ, गै.स.स.का प्रतिनिधि एवं जन प्रतिनिधिहरु रहनेछन्।

**३४. नगर बालक्लब संजाल कार्यसमिति सम्बन्धी ब्यवस्था :**

क) नगर प्रतिनिधिहरुको सहभागिता भएको नगर बाल परिषद्ले नगर बालक्लब संजाल गठन गर्नेछ ।
ख) नगर बालक्लब संजाल बढीमा २५ सदस्यीय रहने छ ।
ग) नगर बालक्लब संजालमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १ र कोषाध्यक्ष १ तथा बाँकि सबै वडाहरुबाट छानिएर आएका १ जना बालक र १ जना बालिका प्रतिनिधि पर्ने गरी सदस्यहरु निर्वाचित पदाधिकारीको रुपमा छनौट हुनेछन्।
घ) अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षको निर्वाचन मताधिकार प्राप्त सबै वडाका प्रतिनिधि सदस्यहरुबाट गरिनेछ ।
ङ) सदस्यहरुको निर्वाचन प्रत्येक वडाका प्रतिनिधिहरु मध्येबाट सम्बन्धित वडाका मतदाताबाट मात्र हुनेछ ।
च) नगर बालक्लब संजालमा विशेष र प्रतिनिधित्व हुन नसकेको क्षेत्र, वर्ग, लिङ्ग र समुदायबाट थप ४ जना सदस्य नगर बालक्लब संजालले मनोनयन गर्नेछ ।

**३५ बालक्लब संजाल दर्ता सम्बन्धी ब्यवस्था :**

बालक्लब दर्ता सम्बन्धी ब्यवस्था अनुसार नै बालक्लब संजाल दर्ता गरिने छ ।

**३६. निर्वाचन सम्बन्धी ब्यवस्था :**

क) बालक्लब संजालको निर्वाचन प्रकृया र पद्धति बालक्लब गठन तथा निर्वाचनको प्रकृया र पद्धति बमोजिम नै हुनेछ ।
ख) यस कार्यबिधिमा जुनसुकै कुरा लेखिएको भएतापनि एक कार्यकाल अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव वा कोषाध्यक्ष भई काम गरेको बालक वा बालिकाले सोही पदमा पुनः उम्मेदारी दिन तथा निर्वाचित हुन पाउने छैनन ।

**३७. निर्वाचन समितिले निम्नानुसारको प्रक्रिया अपनाउने छ :**

क) निर्वाचन कार्यक्रम, निर्वाचन हुने स्थान, समय तालिका र विधि सार्वजनिक गर्ने, सार्वजनिक बिदाको दिन आयोजना गर्ने,

ख) मतदाता संख्या कति छ र उम्मेदार कुन कुन क्षेत्रबाट कस्ता कस्ता ब्यक्ति हुन सक्नेछन्भनी आधारहरु तयार गरी भेलाबाट छलफलपछि पारित गराउने,

ग) निर्वाचन हुने पदहरु र समावेशीताका आधारहरु भेलामा प्रस्तुत गरी पारित गराउने,

घ) संजालको पदाधिकारी बन्नको लागि आफू उम्मेदार बन्न चाहेको पद उल्लेख गरी निर्वाचन समिति समक्ष बालबालिकाहरुले उम्मेदारी दिनुपर्नेछ ।

ङ) निर्वाचन समितिले संजालको कुनैपनि पदका लागि उम्मेदार बनेका बालप्रतिनिधिले इच्छाएको पद र त्यसमा उम्मेदार बनेका बालबाललिकाको नाम सूची तयार गरी सार्वजनिक गर्नुपर्नेछ । यस्ता सूची पत्रहरु मतदाताको संख्या हेरी आवश्यक संख्यामा तयार गर्नुपर्नेछ ।

च) उम्मेदार बाल प्रतिनिधिलाई आफूले कुन पदका लागि उम्मेदारी दिएको हो र त्यसमा आफू उम्मेदार बन्न उपयुक्त रहेको तर्क गर्दै आफ्नो विचार सबैका सामु राख्ने अवसर प्रदान गर्ने ।

छ) त्यसपछि उम्मेदारको नाम र पद सहितको सूचीपत्र दिएर बालप्रतिनिधिलाई गोप्य स्थान वा कोठामा गई आफूले ईच्छाएको उम्मेदारको नामको सामुन्ने कलमले ठिक ( √) चिन्ह संकेत गर्न लगाउने ।

ज) सबै मतदाताले पालैपालो आफ्नो मत दिईसकेपछि कुन कुन उम्मेदारको पक्षमा कति कति मत पर्‍यो भनी निर्वाचन समितिले गणना गनुपर्दछ ।

झ) मत गणना गरिसकेपछि सबै प्रतिनिधिहरुलाई एक ठाउमा भेला गरेर पराजित उम्मेदारलाई सान्त्वना दिदै मत परिणाम सुनाउने ।

ञ) नव विर्वाचित कार्य समितिलाई अबीर⁄टीका लगाई बधाई तथा शुभकामना दिने ।

ट) निर्वाचन समितिले बालप्रतिनिधिहरुको उपस्थितिमा नव निर्वाचित कार्य समितिलाई शपथ गराउने । ठ) नव निर्वाचित कार्यसमितिलाई निवर्तमान अध्यक्ष र अन्य उपस्थित केही बाल प्रतिनिधिहरुबाट कार्यकालको सफलताको शुभकामना मन्तब्य दिन लगाउने । यसबाट नयां र पुरानो कार्य समिति, विजयी र पराजित बालप्रतिनिधि बीच सद्भाव र मित्रता कायम राख्न मद्दत पुग्नेछ तथा निर्वाचन परिणामलाई सहज रुपमा स्वीकार्ने बानीको पनि विकास हुने गर्दछ ।

ड) शपथ ग्रहणपछि नव निर्वाचित कार्यसमितिको अध्यक्षलाई कार्यसमितिको तर्फबाट आगामी २ बर्षको लागि आफूले पाएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने र सबै साथीहरुको भावना बुझेर काम गर्ने प्रतिबद्धता मन्तब्य ब्यक्त गर्न लगाउने ।

ढ) निर्वाचन समितिले तोकिएको जिम्मेवारी पुरा गरेर सहयोग गर्ने सबैलाई धन्यबाद दिँदै बालक्लब संजालको माइन्यूट र अन्य सामग्रीहरु नयाँ अध्यक्षलाई हस्तान्तरण गर्दै भेला सम्पन्न भएको घोषणा गर्ने ।

**३८. बालक्लबले गर्ने कार्यहरु**

बालबालिकाको शारीरिक, मानसिक तथा बौद्धिक विकासमा सहयोग पुऱ्याउनका लागि उनीहरु आफैले बालक्लबहरु मार्फत निम्नानुसारका कार्यहरु गर्नेछन्;

क) बाल क्लबको सदस्यता वितरण गर्ने

ख) कार्यसमिति चयन गर्ने

ग) वार्षिक कार्ययोजना निर्माण गर्ने

घ) कार्ययोजना बमोजिम संञ्जालको कार्यक्षेत्र भित्र विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने

**१। चेतनामूलक कार्यक्रमहरू :** एच.आई.भी/एड्स, लैंगिक विभेद, सरसफाई, बालबालिकाउपरको दुर्व्यवहार र दण्ड सजाय, बालविवाह, दाइजो, अपहरण, कुटपिट, मानव बेचबिखन, सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग आदिका विरुद्धका अभियानहरू, पोषण, परिवार नियोजन, सडक नाटक, दोहोरी गीत, लोकगीत, प्रवचन, सार्वजनिक सुनुवाई, निबन्ध, ऱ्याली, देउसीभैलो तथा अन्तरक्रिया आदि कार्यक्रमहरू ।

**२। प्रतियोगितात्मक कार्यक्रमहरू :** खेलकुद, विभिन्न विषयमा वादविवाद, चित्रकला, हाजिरी जवाफ, वक्तृत्वकला आदि ।

**३। सरसफाइ कार्यक्रमहरू :** घरपरिवार, विद्यालय र समुदाय तथा व्यक्तिगत सरसफाइसँग सम्बन्धित चेतनामूलक अभियानहरू ।

४। विद्यालय भर्ना गर्ने र भर्ना भएका बालबालिकाको नियमित अनुगमन गर्ने तथा विद्यालय जान उत्प्रेरित गर्ने

५। शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिको आचार संहिता बनाई लागू गर्न र विद्यालय व्यवस्थापन समिति तथा स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लबलाई आमन्त्रण र अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्न पहल गर्ने ।

६। विविध कार्यक्रमहरू: सर्वेक्षण, विश्लेषण, खोप कार्यक्रमहरूमा स्वयंसेवक, घरभेट कार्यक्रम, सांस्कृतिक कार्यक्रम, द्वन्द्वपीडित, अनाथ, अपाङ्गता भएका र विपन्न बालबालिकाका लागि शैक्षिक सहयोग कार्यक्रम, अन्तरबालक्लब भ्रमण, अन्तर बालक्लब प्रतियोगितात्मक कार्यक्रमहरू र बाल भित्तेपत्रिका प्रकाशन आदि ।

७ बालअधिकार प्रबर्द्धनका लागि बालक्लबले निर्णय गरी विद्यालय तथा समुदायको परामर्शमा आवश्यक पर्ने अन्य कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

८। निकृष्ट प्रकारका बालश्रमको अन्त्य गर्ने कार्य तथा अभियानमा सहयोग गर्ने ।

**३९. वडा बालक्लब संजालले गर्ने कार्यहरु :**

क) वडाभित्रका बालक्लबहरुलाई संगठित गरी बालक्लबका क्रियाकलापहरु संचालन गर्न सहयोग जुटाउने र समन्वय गर्ने,

ख) वडाभित्रका बालक्लबहरुको गतिविधिहरुको अनुगमन तथा मूल्याङ्कन गर्दै बालक्लबहरुलाई क्रियाशील बनाई राख्ने,

ग) बालबालिकामाथि हुने सामाजिक दुर्व्यबहार, भेदभाव जस्ता बालअधिकार हनन्का घटनाविरुद्ध आवश्यक पहल र पैरबी गर्ने,

घ) आफ्नो कार्यक्षेत्रमा संचालन भएका विद्यालय भर्ना, जन्मदर्ता, बालविबाह विरुद्धको अभियान, बालमैत्री वातावरण, पूर्ण सरसफाई सम्बन्धी अभियान र विद्यालयमा भयरहित शिक्षण जस्ता अभियानमा बालक्लब संजालको निर्णयबाट सहभागी हुने वा गराउने ।

ङ) आफ्नो कार्यक्षेत्रमा बालबालिकाको प्रतिनिधित्व गर्दै स्थानीय तह, संघसंस्था, उपभोक्ता समिति, विद्यालय तथा अन्य संघसंस्थामा बालबालिकाको मुद्दामा केन्द्रित भएर कार्ययोजना पेस गर्ने, आवाज उठाउने र बालसरोकारका क्षेत्रहरुमा अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्न प्रयास गर्ने ।

च) बालबालिकाका सरोकारका सूचनाहरु संकलन र अभिलेखिकरण गर्ने तथा पुस्तकालय वा सुचना केन्द्र स्थापना र संचालन गर्ने ।

छ) बालक्लब तथा अन्य संघसंस्थाबीच आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने ।

ज) बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागिताको अधिकार सुनिश्चित गर्न आवश्यक अन्य काम गर्ने ।

झ) वडामा नयाँ टोल वा विद्यालयमा बालक्लब गठन र संचालनमा सहयोग गर्ने ।
ञ) निकृष्ट प्रकारको बालश्रमको अन्त्य गर्ने कार्य तथा अभियानमा सहयोग गर्ने ।

**४०. नगर बालक्लब संजालका कार्यहरु :**
क) नगर बालक्लब संजालका कार्यहरुमा बालक्लब तथा वडा बालक्लब संजालका सबैजसो कार्यहरु रहनेछन्।
ख) उपरोक्त कार्यहरुबाहेक नगरपालिकाको नगरसभामा उद्घाटन् शत्रमा प्रतिनिधित्व गर्ने, योजनाहरु तयार गर्ने र पेश गर्ने जस्ता कार्यहरु रहनेछन्।
ग) स्थानीय नगरस्तरका बालबालिकाहरुसंग सम्बन्धित हरेक क्रियाकलापमा प्रतिनिधित्व एवं सक्रिय सहभागिता जनाउदै बालबालिकाका क्षेत्रमा भए गरेका कामहरुको अवलोकन, अनुगमन, समिक्षा, विश्लेषण र कार्ययोजना समेत तयार गर्ने ।
घ) बालबालिकासंग सरोकार राख्ने पूर्ण खोप लगायत संवेदनशील विषयहरुमा सम्बन्धित सरोकारवालाहरुलाई ध्यानाकर्षण गराउने ।

**४१. बालक्लव, वडा संञ्जाल तथा नगर संञ्जालको कार्यक्षेत्र :**
बिद्यालय स्तरीय बाल संञ्जालको बिद्यालय र बिद्यार्थी रहेको समुदाय, समुदाय स्तरीय बालक्लवको सदस्य रहको क्षेत्रसम्म, वडा संञ्जालको वडा सिमानासम्म र नगर स्तरीय संञ्जालको नगरपालिका कार्यक्षेत्रसम्म सिमाना रहने छ ।

**४२. बालक्लब र बालक्लब संजालका सरोकारवालहरु :**

बालक्लबलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने निकाय तथा ब्यक्तिहरुनै बालक्लब तथा बालक्लब संजालका सरोकारवालाहरु हुन्। संजालले कुन सरोकारवालाले बालक्लब र संजालको लागि के सहयोग पुऱ्याउन सक्दछ भन्ने कुरा विचार गरी संजालको र संजाल अन्तरगत रहेका क्लबहरुको काममा सहयोग पुऱ्याउन आवश्यक समन्वय र सहकार्यको वातावरण मिलाउनुपर्दछ । उदाहरणका लागि बालक्लब तथा बालक्लब संजालका केही सरोकारवालहरु निम्नानुसार हुनेछन्:

क) परशुराम नगरपालिका
ख) विद्यालय र शिक्षकहरु
ग) समुदाय र छरछिमेकहरु
घ) आमा समूहहरु
ङ ) स्वास्थ्य स्वयंसेविकाहरु
च) स्थानीय गैह्र सरकारी संघसंस्थाहरु
छ) उद्योग र ब्यापार संघ
ज) सामुदायिक वन उपभोक्ता समुह
झ) प्रहरी चौकी
ञ) स्थानीय युवा सहजकर्ताहरु,
झ) स्वास्थ्य चौकी,
ञ) नागरिक समाज र सञ्चार माध्यमहरु

**४३. बालक्लब र बालक्लब संजालको आचारसंहिता :**

बालक्लब र बालक्लब संजालको आफ्नै आचारसंहिता हुनेछ । यस्तो आचारसंहिता निम्न मूल्य मान्यताका आधारमा नगर बाल संजालको भेलाले पारित गरी लागु गर्न सक्नेछ :

क) सकेसम्म आफ्नो काम आफै गर्ने ।
ख) बालक्लबको जिम्मेवारी पुरा गरिरहँदा कसैप्रति पक्षपात नगर्ने ।
ग) सबैसंग साथी सम्बन्ध र मित्रता राखेर काम गर्ने प्रयास गर्ने ।
घ) साथीहरुसंग कुरा नलुकाउने तथा सबैसंग खुला र स्पष्ट ब्यवहार गर्ने ।
ङ) आफ्नो क्षमता विकास गर्न आफै अगाडि बढ्ने र सक्नेजती जिम्मेवारी लिने
च) बालअधिकारको कुरा सिकाउन र प्राप्त गर्न सधैं सचेत, सजग र सक्रिय हुने ।
छ) सरल जीवन उच्च विचार राख्ने ।
ज) वालवालिका प्रति सकारात्मक धारणा राख्ने ।
झ) जाती, लिङ्ग, अपाङ्गता, आर्थिक सामाजिक स्तर, धर्म र संस्कृतिको आधारमा भेदभाव नगर्ने ।
ञ) कमी कमजोरीलाई सुधार गरी त्यसबाट सिक्न प्रयत्न गर्ने ।
ट) कठिन अवस्थामा बालबालिकाप्रति विशेष ब्यवहार र सहयोग गर्ने ।
ठ) ठूलाप्रति आदर गर्ने र सानालाई माया गर्ने ।
ड) अनुशासित र अध्ययनशील हुने ।
ढ) कुरीति, कुसंस्कार र अन्धविश्वासको पछि नलाग्ने ।
ण) आफूलाई जायज लागेको विचार प्रष्ट रुपमा राख्ने
त) झूठो नबोल्ने ।
थ) प्रविधिको दुरुपयोग नगर्ने, आर्थिक प्रलोभन नगर्ने ।

**४४. टोल संगठनमा प्रतिनिधित्व :**
क) टोलस्तरीय बालक्लबले स्थानीय टोल संगठनका बैठकहरुमा प्रतिनिधित्व गर्न सक्नेछन । यसरी प्रतिनिधित्व गर्दा १ जना बालक वा बालिकाले पालो मिलाएर बैठकमा सहभागी हुनुपर्नेछ ।
ख) बैठकमा भएका निर्णयहरु बालक्लबमा जानकारी गराउनु पर्नेछ ।
ग) टोल संगठनको बैठक अघि बालक्लबका पदाधिकारीहरु बीच आपसमा छलफल गरी बैठकमा लैजाने विषयहरु भए तय गर्नुपर्नेछ ।

**४५. वडा समितिको बैठकमा प्रतिनिधित्व :**
वडा समितिले आवश्यकतानुसार आमन्त्रण गरेको वडासमितिको बैठकमा बालक वा बालिका एक जनाको पालो गरिकन प्रतिनिधित्व गर्ने ।

**४६. वडा स्तरीय टोल संगठन वडा समन्वय समिति तथा बालमैत्री कमिटिहरुमा प्रतिनिधित्व :**
निर्धारित संख्यामा वडा बालक्लब संजालबाट प्रतिनिधित्व रहनेछ ।

**४७. नगरस्तरीय टोल संगठन नगर समन्वय समिति तथा बालमैत्री समितिमा प्रतिनिधित्व :**
समितिले निर्धारण गरेको संख्यामा प्रतिनिधित्व रहनेछ ।

**४८. नगर सभा पूर्ब योजना तर्जुमा बैठकमा प्रतिनिधित्व :**
परश’राम नगरपालिका को प्रत्येक नगर सभा बैठकमा -बालबालिकासँग सरोकार राख्ने सवालका बैठकमा मात्र) नगरस्तरीय बालक्लब संजालबाट कम्तिमा एक जना बालिका समेत पर्ने गरी बालबालिकाहरुको प्रतिनिधित्व रहनेछ ।

**४९. अन्य संघ संस्थाहरुमा प्रतिनिधित्व :**
क) विभिन्न सरोकारवाला संस्थाहरुले सहभागिताको लागि आमन्त्रण गरेको स्थानमा फरक फरक संस्थामा फरक फरक पदाधिकारीहरुको प्रतिनिधित्व रहने अवस्था मिलाउनु पर्नेछ । कुनै एक संस्थामा प्रतिनिधित्व गर्ने बालक्लबको

प्रतिनिधिले सकेसम्म नियमित प्रतिनिधित्व गर्नु उपयुक्त हुन्छ । साथै बालक वा बालिकाको समान सहभागिता हुनेतर्फ समेत ध्यान दिनुपर्नेछ । यो कुरा माथिका सबै निकायहरुको प्रतिनिधित्वमा लागु गर्न सकिनेछ ।
ख) नगरमा गठित बालबालिकासंग सरोकार राख्ने बिषयगत समितिमा आबस्यकता अनुसार बालबालिकाको प्रतिनिधित्व गराउनु पर्ने छ।

**५९ : बालक्लब/बालक्लब संजालको कार्य तथा कार्यक्रम संचालन सम्बन्धि विशेष ब्यवस्था**

**बालक्लब, वडा तथा नगर बालक्लब संजालले संचालन गर्ने काम तथा कार्यक्रमहरु देहाय बमोजिम हुनुपर्नेछ :**
क) बालअधिकार संरक्षण र संबर्धनमा आधारित हुनुपर्नेछ ।
ख) कार्यक्रमको छनौट तथा संचालन ब्यवस्थापन गर्दा सकेसम्म सरोकारवालाहरुको प्रत्यक्ष सहभागिता र समन्वयमा संचालन गर्नुपर्नेछ ।
ग) कुनै एक अधिकारको प्रयोग वा उपयोग गर्दा अरुको अधिकारको हनन्हुन दिनु हुँदैन ।
घ) सबै सरोकारवालहरुलाई आफ्नो मित्र र सहयोगीको रुपमा राखी आफ्ना क्रियाकलापहरु संचालन गर्नु पर्नेछ ।
ङ) आफ्नो अधिकारको उपयोग गर्दा अर्काको अधिकार हनन् गर्न पाइने छैन । तर बालअधिकार हनन्मा आधारित संचालन हुने वा गरिने साथै समाजमा सामाजिक सद्भाव भड्काउने, सामाजिक विकृतिको विकास गर्ने, कुसंस्कार र कुरितिलाई बढावा दिने, सामाजिक वातावरणलाई धमिल्याउने, वातावरण दुषित बनाउने, शैक्षिक वातावरण खल्बल्याउने जस्ता कुनैपनि ब्यक्तिगत तथा सामुहिक क्रियकलापहरु गर्ने ब्यक्ति वा संस्थाको अधिकारका रुपमा स्वीकार्य हुनछैन ।

**६०. विविधः** **<u>कार्यबिधि संशोधन तथा खारेजी :</u>** सम्बन्धित नगर कार्यपालिकाले समितिको कार्यविधि परिवर्तन, परिमार्जन,संशोधन तथा खारेजी गरेमा सोही बमोजिम हुनेछ ।

**<u>६१.बाधा अड्काउ फुकाउनेः</u>** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।
**बचाउः** (१) यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।
(२) यस अघि नगरपालिकाबाट भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

## अनुसूची-१
## बालक्लबको साधारण सदस्यता पत्रको नमूना

..........................बालक्लब/संजाल

परशुराम नगरपालिका वडा नं. .....

रसीद नं. ........ मिति :......................

**सदस्यता रसिद**

वर्ष ............ को श्री.................................................. बाट रु. ५/- सदस्यता वाफत प्राप्त भयो।

............................ ............................

रकम बुझाउने रकम बुझिलिन

## अनुसूची-२

## बालक्लबको सेवाक्षेत्रको नमूना (सामाजिक नक्सा)

<u>अनुसूची-३</u>

## बालक्लबको सेवा क्षेत्रको घरधूरीहरूको पारिवारिक विवरण फाराम

### बालक्लब प्रवर्द्धन कार्यक्रम
### बालक्लब सेवा क्षेत्रका घरधुरीको पारिवारिक विवरण फाराम

न.पा. .................. वडा नं. ....... टोल ........... बालक्लबको नाम .......................................

| घर नं. | घरमुलीको नाम | परिवा संख्या | | | १८ वर्षमुनिका छोराछोरी | | | ०-५ वर्ष उमेरका | | | जन्मदर्ता भएका | | | जन्मदर्ता नभएका | | | अपाङ्गता भएका | | | विद्यालय जाने उमेर पुगेका तर नजाने | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **M** | **T** | **F** | **M** | **T** | **F** | **M** | **T** | **F** | **M** | **T** | **F** | **M** | **T** | **F** | **M** | **T** | **F** | **M** | **T** | **F** |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |

विद्यालय जाने उमेर भएर पनि नजाने बालबालिकाहरुमा८ चिन्ह दिनुहोस्र नजानुका कारणहरु यसै फारामको पछाडिपट्टि लेख्नुहोस्। (M = बालक, F = बालिका र T = जम्मा

............................. .....................

सचिव अध्यक्ष

मिति : मिति :

## अनुसूची-४

## मान्युट लेखनको नमूना

आज मिति … … … … … साल … … महिना … … गतेका दिन श्री … … … … … … बालक्लबका अध्यक्ष श्री … … … … … … … … … … को अध्यक्षतामा … … … … … मा बसेको बैठकले निम्न व्यक्तिहरूको उपस्थितिमा निम्नानुसारको प्रस्तावहरूमा छलफल गरी निम्न अनुसारको निर्णय गरियो ।

**उपस्थिति :**

| क्रं. सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | … … … … … … … | … … … … … … | … … … … … … |
| २) | … … … … … … … | … … … … … … | … … … … … … |
| ३) | … … … … … … … | … … … … … … | … … … … … … |
| ४) | … … … … … … … | … … … … … … | … … … … … … |
| ५) | … … … … … … … | … … … … … … | … … … … … … |
| ६) | … … … … … … … | … … … … … … | … … … … … … |
| ७) | … … … … … … … | … … … … … … | … … … … … … |

**प्रश्तावहरू:**

१)

२)

३)

**विविध निर्णयहरू :**

१)

२)

३)

नोट : निर्णय गरिसकेपछि बैठकमा सहभागी सबैलाई निर्णय सुनाउनु पर्दछ । सबैबाट पारित भएपछि बालक्लबका मुख्य पदाधिकारीहरूले निर्णयको पुछारमा हस्ताक्षर गर्नुपर्दछ ।

**<u>अनुसूची-५</u>**

**बालक्लबमा सदस्य हुन चाहनेले भर्ने फाराम**

**बालक्लबको सदस्य हुन चाहनेले भर्ने फारामको नमूना**

फोटा

**१.व्यक्तिगत विवरण :**

नाम : लिङ्ग :

जन्म मिति : वर्ष : ठेगाना :

सम्पर्क नंः : बिद्यालयको नाम : कक्षा : सेक्सन : रोल नं :

**२.पारिवारिक विवरण :**

आमा/बाबुको नाम : पेशा :

सम्पर्क ठेगाना : सर्म्पक नं. :

**३. बालक्लबमा आबद्ध हुन चाहनुको कारण :**

म यस बालक्लबको सेवा क्षेत्रभित्रको ब्यक्ति हुँ । मलाई बालक्लबले सञ्चालन गरेका क्रियाकलापहरू धेरै मन पर्छ । म पनि बालक्लबमा आबद्ध भई बालक्लबले सञ्चालन गरेका हरेक क्रियाकलापमा सहभागी हुने र समुदायमा आफ्नो पहिचान बनाउन चाहन्छु । मलाई यस क्लबको सदस्यता प्रदान गरी बालक्लबको उद्देश्य, मूल्य मान्यता र आदर्श अनुसार अगाडि बढ्नेमौका प्रदान गर्न अनुरोध गर्दछु ।

निवेदकको हस्ताक्षर : सहमति दिने अभिभावकको हस्ताक्षर :

नाम :

## अनुसूची-६

**बालक्लब तथा सञ्जालको कार्यसमितिको परिचय पत्रको नमूना**

................................ बालक्लब फोटा

कार्ड नं. :

**सदस्यता परिचय-पत्र**

नाम : पद :

ठेगाना : विद्यालय :

टोल :

वडा नं. :

प्रमाणित गर्ने

## अनुसूची-७

## नवनिर्वाचित पदाधिकारीका लागि शपथ

बालक्लब सञ्जाल तथा बालक्लबका नव निर्वाचित कार्यसमितिका सबै पदाधिकारी तथा सदस्यहरूले शिक्षक,बालक्लब सहजकर्ता र बालक्लब वा सञ्जालका सदस्यहरू माझ तपशील बमोजिमको शपथ ग्रहण गर्नु पर्दछ ।

म .................................... आजदेखि .......................बालक्लब/सञ्जालको .................पदमा चयन भएकाले बालक्लब सञ्जाल/क्लबको मूल्य मान्यता एवं आचारसंहिता पालन गरी उद्देश्य पूरा गर्नको लागि सक्रिय रहनेछु । बालअधिकार प्रवर्द्धनको लागि बालसहभागिता भन्ने मान्यता अनुसार आफू सक्षम भई समुदायमा रहेका विभिन्न परिस्थितिको बालबालिकाको सहयोगको गर्नुको साथै समुदायमा बालअधिकार प्रबर्द्धनको लागि सदा क्रियाशील रहनेछु । म आफूलाई लागू पदार्थ दुर्व्यसनबाट मुक्त राखी, बालश्रम शोषण तथा बालबालिकामाथि हुने सबै खाले हिंसा र दुर्व्यवहार अन्त्यका साथै लिङ्गीय, जातीय, अपाङ्गता, धर्म, सस्कृति, विचार र सामाजिक आर्थिक स्तरको आधारमा गरिने विभेद र कुरीति अन्त्यको निम्ति बालअधिकार प्रबर्द्धन र सामाजिक परिर्वतनको दिशामा सदा अगाडि बढ्ने प्रण गर्दछु ।

हस्ताक्षर.................... मिति....................

स्थान.....

## अनुसूची-८

## बालक्ल दर्ता गर्नका लागि वडा/नगरकार्यपालिका कार्यालय दिइने निबेदनको ढांचा

मितिः........................
..............................बाल क्लब/सञ्जाल
परशुराम नगरपालिका , डडेल्धुरा

श्री परशुराम नगरपालिका को कार्यालय/..........वडा कार्यालय

डडेल्धुरा ।

**विषयः बालक्लब/सञ्जाल दर्ता गरी पाउँ ।**

यस नगरपालिकाको वडा नं......../....................... टोल ...................................बिद्यालयमा बाल क्लब गठन गरिएकोले उक्त बालक्लबलाई दर्ता गरी प्रमाण पत्र उपलब्ध गराई दिन हुन कार्यबिधिको २.९.१ बमोजिम तोकिएका कागजातहरु पेश गरी निबेदन गरिएको छ ।

**निवेदक**

हस्ताक्षर :

मितिः

नाम,थर :

पदः

छापः

## अनुसूची-९

................... बाल क्लब/बाल संञ्जाल
............................ विद्यालय/ टोल
...........................................

## बाल क्लव सञ्चालन सम्बन्धी विधान-२०८२ (नमूना)

**प्रस्तावनाः** बालअधिकारको संरक्षण र सम्बर्द्धनमा स्वयं हामी बालबालिकाहरुबाटै सहयोग पुऱ्याउने अभिप्रायले बालअधिकार प्राप्तिका लागि महत्वपूर्ण सहयोगी सरोकारवाला पक्षहरुमा सचेतना अभिवृद्धि गर्दै हामी बालबालिकाहरुको भविष्यलाई उज्यालोतर्फ डोऱ्याउन, हामी बालबालिकामा भएको क्षमता र प्रतिभाको विकास र प्रस्फुटन गर्न साथै बालबालिकाहरुको बालबचाउको अधिकार, बालविकासको अधिकार र बालसंरक्षणको अधिकार प्राप्तिमा महत्वपूर्ण योगदान गर्न र आफ्नो अधिकार लिन बालसहभागिताको अधिकारमार्फत् हामी बालक्लवका सम्पूर्ण पदाधिकारीहरु सहमत भई हाम्रो बाल क्लवको नाम ............................................................... बालक्लव राखी परश'राम नगरपालिका को वडा नं. .......... को ............................................................ मा क्लवको सम्पर्क कार्यालय रहने गरी यो बाल क्लवको विधान तयार गरी बालक्लव दर्ता लागि निवेदन गरेकोमा परश'राम नगरपालिका मा दर्ता भई बिधान स्विकृत भएकोले यस क्लवको मिति ............................ को वैठकको निर्णयानुसार यो विधान लागू गरिएको छ ।

## परिच्छेद-१

१. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस क्लबको नाम..................................................बालक्लब रहनेछ । यो बाल क्लव समुदाय/विद्यालयस्तरको बाल क्लवको रुपमा रहनेछ ।

१.२ यो विधान परश'राम नगरपालिका मा दर्ता भई क्लवको वैठकको निर्णयानुसार तोकिएको मितिदेखि लागू हुनेछ ।

१.३ यस क्लबको ठेगाना परश'राम नगरपालिका वडा नं. ..................... को ..................................................... विद्यालय/समुदायमा रहनेछ ।

१.४ यस क्लवको छुट्टै छाप रहनेछ । छापको वरिपरि बाल क्लवको नाम, ठेगाना र स्थापना मिति तथा बीचमा ................. भएका चित्र अंकित रहनेछ ।

## परिच्छेद-२

## परिभाषा, उद्देश्य तथा सदस्यता

२. परिभाषा विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,
२.१ "बालक्लब" भन्नाले ......................................................................................
विद्यालयमा रहेका १८ बर्षसम्मका सबै बालबालिकाहरुको संगठित समूहलाई जनाउनेछ ।
२.२ "सदस्य" भन्नाले यस विधान बमोजिम क्लवको सदस्यता प्राप्त बालबालिका सम्झनुपर्दछ ।
२.३ "विधान" भन्नाले बालक्लवको विधान सम्झनुपर्नेछ ।
२.४ "साधारण सभा" भन्नाले क्लवको वार्षिक रुपमा हुने सभालाई जनाउ''दछ ।
२.५ "कार्यसमिति" भन्नाले विधान बमोजिम गठन भएको कार्यसमितिलाई जनाउनेछ ।
२.६ "सल्लाहकार समिति" भन्नाले बालक्लवमा काम गरी अनुभव प्राप्त पूर्व पदाधिकारी एवं कार्यसमितिले मनोनित गरेकाअन्य व्यक्तिहरुको समूहलाई जनाउनेछ ।
२.७ "उपसमिति" भन्नाले आवश्यता अनुसार गठन भएका सदस्यहरुको समूहलाई जनाउनेछ ।
२.८ "बालक" भन्नाले बालक र बालिका दुबैलाई सम्झनुपर्दछ ।

**३. क्लवको उद्देश्य :** निम्न उद्देश्यहरु लिई यो बालक्लब स्थापना गरेका छौं ।

क) हामी बालबालिकाहरुको भविष्यको लागि राम्रो जग बसाउन ।
ख) हामी निस्क्रिय रहने समयको सदुपयोग गर्न ।
ग) समूहसँग बसेर छलफल गर्न ।
घ) हामी आफ्नै अन्य बालबालिका साथीहरु, परिवार तथा समुदायका लागि उपयोगी हुने विषयहरुमा चेतना जगाई कार्य जिम्मा दिन र लिन ।
ङ) हामी बालबालिकाहरुमा सामाजिक र एकताको भावना जागृत गराउन ।
च) हामीलाई कार्यक्रम र व्यवहारले सिकाएका राम्रा कुराहरु व्यवहारमा उतार्न र समुदायमा परिवर्तन ल्याउन ।
छ) बालअधिकारसँग सम्बन्धित समस्या केलाउन र समाधान गर्न सक्ने बन्न ।
ज) हामीमा नेतृत्व र आत्मविश्वास विकास गर्न साथै हामी र हाम्रो भावनाको विकास हामीमा गर्न ।
झ) बालअधिकारसँग सम्बन्धित विभिन्न क्रियालकलापहरुमा विद्यालयमा रहेका सम्पूर्ण दलित, अपांग, पछाडि पारिएका विद्यालय पढ्दै गरेका बालबालिकाहरुको समेत सामूहिक सहभागिता जुटाउन ।

**४. क्लबको उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापहरु :**

क) क्लवको सदस्यता वितरण ।
ख) कार्यसमितिको चयन ।
ग) वार्षिक कार्ययोजना निर्माण ।
घ) कार्यबिधि बमोजिम कार्यक्रमहरु संचालन गर्ने

**५. सदस्यतासम्बन्धी व्यवस्था :**

**५.१ सदस्यको प्रकार** :हाम्रो बाल क्लवमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:

क) साधारण सदस्य

ख) कार्यसमिति सदस्य

ग) आवश्यक सम्झेमा अन्य प्रकारका सदस्यहरु समितिले निर्धारण गर्न सक्नेछ ।

**५.२ सदस्यता प्रदान गर्ने विधि र नियमहरु :**

क) यस क्लबको सदस्यता लिनको लागि १२ देखि १८ वर्ष ननाघेको बालबालिका हुनुपर्नेछ ।

ख) १८ वर्ष उमेर पूरा भईसकेपछि यस क्लबको सदस्यबाट स्वतः हटनेछन्र सल्लाहकारको रुपमा कार्य गर्न सक्नेछन्।

ग) बालक्लबमा सदस्य बन्नका लागि कार्य समितिले तोके बमोजिमको शुल्क तिरी क्लबको सदस्यता रसिद लिनुपर्नेछ ।

घ) प्रत्येक सदस्यहरुले क्लबले निर्दिष्ट गरेका आचरणहरु पूरा गर्नुपर्नेछ । क्लबले आचरण सम्बन्धी कारवाही नगरेको अवधिसम्म यस क्लबको सदस्य बनिरहन सकिनेछ ।

## परिच्छेद ३

## साधारण सभा तथा कार्यसमिति

**६. बैठक सम्बन्धी व्यवस्था :**

६.१ कार्यसमितिको बैठक कम्तिमा वर्षको १२ पटक (मासिक एक पटक) र साधारण सभा वर्षको १ पटक बस्नेछ।

६.२ २५ प्रतिशत सदस्यहरुले साधारण सभा बोलाई पाऊँ भनी क्लवका अध्यक्षसमक्ष निवेदन गरेमा अध्यक्षले विशेष साधारण सभा बोलाउन सक्नेछ।

६.३ साधारण सभाका लागि ७ दिन अगावै साधारण सभाहुने स्थान, समय, मिति र छलफलको हुने बिषय सहित सम्पूर्ण सदस्यलाई उपस्थितिको लागि सूचना दिनुपर्नेछ।

**७. कार्य समिति गठन विधि र पदावधि :**

७.१ साधारण सभाले प्रत्येक २ वर्षमा लोकतान्त्रिक प्रणालीबाट आफ्ना सदस्यहरुमध्येबाट अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १, र सदस्यहरु सहित ....... जना सम्मको कार्यसमितिको गठन गर्नेछ।

७.२ यसरी गठन भएको कार्यसमितिको पदावधि २ वर्षको हुनेछ।

**८. साधारण सभाको काम, कर्तव्य र अधिकार :**

८.१ सभाको अध्यक्षता गर्ने व्यक्तिले प्रस्तुत गरेका सूचिमा समावेश भएका विषयहरुमा छलफल गरी निर्णय गर्ने।

८.२ क्लबको गतिविधि समिक्षा गरी आवश्यक नीति निर्देशन तयार गर्ने।

८.३ वार्षिक कार्यक्रम र कार्ययोजना तयार गरी स्वीकृत गर्ने।

८.४ विधान संसोधन गर्नुपर्ने भए सो कुरा उल्लेख गरी वडा कार्यालय/विद्यालयको प्रधानाध्यापकको सिफारिसका साथ धनगढी उपमहानगरकार्यपालिकामा पेश गरी संसोधन गर्ने।

८.५ अन्य तोकिएका कार्यहरु गर्ने।

## परिच्छेद-४

## कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**९. पदाधिकारीको काम, कर्तव्य र अधिकार :**

**९.१ अध्यक्ष**

क) कार्य समित र साधारण सभाको अध्यक्षता गर्ने,

ख) संस्थाको हितको लागि गर्नुपर्ने कर्तव्यको प्रमुख दायित्व बहन गर्ने।

ग) संस्थाको निर्णयहरु कार्यान्वयन गर्ने र गर्न लगाउने।

घ) संस्थाको उद्देश्य पूरा गर्न अन्य आवश्यक काम गर्ने।

ङ) मत बराबर भएमा निर्णायक मत दिने।

च) समुदाय, विद्यालय,परशुराम नगरपालिका  र अन्य सहयोगी संस्थाहरु बीच समन्वयकर्ताको भूमिका निर्वाह गर्ने ।

**९.२ उपाध्यक्ष**

क) अध्यक्षको अनुपस्थितिमा निजले गरी आएको अधिकारहरु प्रयोग गर्ने ।
ख) अन्य बखतमा अध्यक्षको सहयोगी भूमिका निर्वाह गर्ने ।
ग) बाल क्लबको प्रबक्ता भई कार्य गर्ने

**९.३ सचिव**

क) साधारण सभा र कार्य समितिको निर्णय अनुरुप संस्थाको कार्यसञ्चालनमा सहयोग गर्ने
ख) बैठक बोलाउने र बैठकको निर्णय अभिलेख राख्ने ।
ग) बैठकमा राखिने विषयहरुमा अग्रिम जानकारी सबैलाई पुऱ्याउने ।
घ) क्लवमा प्राप्त भएका सूचनाहरु क्लवका अन्य पदाधिकारीहरुलाई जानकारी गराउने ।
ङ) बैठकको माइन्युट गर्ने ।

**९.४ सहसचिव**

क) सचिव अनुपस्थित भएको खण्डमा सचिवले गर्ने सबै कामहरु गर्ने
ख) अध्यक्षले तोकेका अन्य कामहरु गर्ने ।

**९.५ कोषाध्यक्ष**

क) संस्थाको सम्पूर्ण नगदी, जिन्सीहरुको जिम्मा लिने र त्यस सम्बन्धी श्रेस्ताहरु अद्यावधिक राख्ने ।
ख) संस्थाको आय व्ययको विवरण कार्यसमितिमा र साधारण सभामा पेश गर्ने ।
ग) आगामी वर्षको बजेट तर्जुमा गरी साधारण सभामा पेश गर्ने ।
घ) आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्रमा शिक्षक मध्येबाट लेखा परीक्षण गराउने ।

**९.६ सदस्य**

क) संस्थाको बैठकमा नियमित उपस्थित हुने ।
ख) संस्थाको हितको लागि सबै लागि पर्ने ।
ग) बैठकमा उपस्थित भई आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने ।
घ) कार्यसमितिले निर्णय गरे अनुसारको जिम्मेवारी वहन गर्ने ।

## परिच्छेद-५

## विविध

**१०. विधान संसोधन :**

यस विधानमा उल्लेखित दफा तथा उपदफाहरु संशोधन गर्नुपर्ने भएमा साधारण सभाको दुई तिहाई बहुमतबाट शंसोधन गर्न सकिनेछ । तर संशोधन भएको उक्त विधान परश’राम नगरपालिका को स्वीकृति पाएको मितिदेखि मात्र लागू हुनेछ ।

**११. क्लबको विघटन**

कुनै कारणवस क्लब सञ्चालन हुन नसकी क्लवको विधानबमोजिम सम्पूर्ण सदस्यहरुमध्ये दुई तिहाई बहुमतबाट पारित गरी पठाएको क्लव विघटनसम्बन्धी निर्णय नगरकार्यपालिकाले स्वीकृति दिएमा क्लवको विधिवत् विघटन भएको मानिनेछ र सो अवस्थामा क्लवको सम्पूर्ण चल अचल सम्पत्ति नगरकार्यपालिकाको हुनेछ ।

**१२. निष्कृयता :**

यस विधानमा लेखिएका कुराहरु प्रचलित कानूनस‘‘ग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन्। द्धज्ञ क्लव दर्ता गर्दाका अवस्थामा रहेका कार्यसमिति सदस्यहरु र हस्ताक्षर क्र.सं. नाम उमेर पद हस्ताक्षर

**क्लव दर्ता गर्दाका अवस्थामा रहेका कार्यसमिति सदस्यहरु र हस्ताक्षर**

| क्र.स | नाम | उमेर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |

क्लवको लोगो

वरिपरि बाल क्लवको नाम, ठेगाना र स्थापना मिति तथा बीचमा एक बालक र एक बालिका अंकित लोगो

आज्ञाले,

..........................

प्रमुख प्रशासकिय अधिकृत
परशुराम नगरपालिका डडेल्धुरा,जोगबुडा ।